हँसपुर नगरपालिका
Hanspur Municipality
# नगर कार्यपालिकाको कार्यालय
# Office of the Municipal Executive
बघचौडा, धनुषा, नेपाल
Bagchhauda, Dhanusha, Nepal

मधेश प्रदेश
Madhesh Pradesh

**५०% अनुदानमा न पा बाट गेहूँको विउ खरिद सम्बन्धि सूचना।**

**१५ दिने प्रथम पटक प्रकाशित मिति २०८१/०८/११**

यस हँसपुर नगरपालिकालाई आ.व. २०८१/८२ मा गेहूँ विउ खरिद कार्य गर्नु पर्ने भएकोले इच्छुक कम्पनी/फर्म/संस्थाहरुबाट निम्न शर्तको अधिनमा रहि खरिद कार्य गरी उपलब्ध गराउनको लागि रितपूर्वक सिलबन्दी दरभाउपत्र आहवान गरिएको छ।

**शर्तहरुः**

१. इच्छुक कम्पनी दर्ता प्रमाण पत्र, कर चुक्ता आ.व. २०८०/८१ सम्मको हुनु पर्ने वा कर म्याद थप हुनु पर्ने र अन्य कुनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपि साथै सिलबन्दी दरभाउपत्र खरिदको लागि निवेदन पेश गरी एन.एम.बि. बैङ्कमा खाता नं. ११७००७३४६३८०००१९ वा राजश्व शाखामा रकम रु १०००।– (अक्षरेपी एक हजार रुपैयाँ मात्र) पछि फिर्ता नहुने गरी खरिद गर्नु पर्नेछ। सिलबन्दी दरभाउपत्र पेश गर्दा नगदी रसिद र निवेदन समेत पेश गर्नु पर्नेछ।
२. सामग्रीहरुको स्पेशिफिकेशन सिलबन्दी दरभाउपत्र फारमसँगै उपलब्ध गराइनेछ।
३. सिलबन्दी दरभाउपत्र सम्बन्धि कागजात दाखिल गर्दा सिलबन्दी दरभाउपत्र फारममा उल्लेख भए बमोजिमको कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
४. सिलबन्दी दरभाउपत्र फारम तथा सूचनामा उल्लेखित मूल्याङ्कनका आधारहरु पूरा नगर्ने दरभाउपत्र स्वीकृत गरिने छैन।
५. सिलबन्दी दरभाउपत्र फारम भर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ। साथै केरमेट भएको ठाउँमा सहीछाप हुनु पर्नेछ।
६. सिलबन्दी दरभाउपत्रको जमानत रकम एन.एम.बि. बैङ्क शाखा हँसपुरमा रहेको यस कार्यालयको धरौटी खाता नं. ११७००७३४६३८००१७८ मा नगरद जम्मा गरेको सक्कल बैङ्क भौचर वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैङ्क वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको हुनु पर्नेछ। सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन सम्म म्याद भएको बैङ्क जमानत (Bid Bond) समावेश भएको हुनु पर्नेछ। अन्यथा सिलबन्दी दरभाउपत्र अयोग्य मानिनेछ।
७. सिलबन्दी दरभाउपत्र दर्ता गर्ने फर्महरुले सिलबन्दी दरभाउपत्र फारममा संलग्न गरिएको स्पेशिफिकेशन तथा अन्य व्यहोरा प्रस्ट रुपमा भरी सहीछाप गरी पेश गर्नु पर्नेछ। सिलबन्दी दरभाउपत्र जुन फर्मको नामबाट खरिद भएको हो सोही फर्मको नामबाट दर्ता गराउनु पर्नेछ।
८. कुनै पनि कारण जनाई वा नजनाई सिलबन्दी दरभाउपत्र फारम स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

CS CamScanner

९. सिलबन्दी दरभाउपत्र फारम र यस सूचनामा लेखिएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन) समेत र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधित) समेत बमोजिम हुनेछ।

१०. कार्यालयको अधिकार प्राप्त अधिकारीको सहिछाप नभएको दरभाउपत्र समावेश गरिने छैन।

११. आफूले खरिद गरेको दरभाउपत्र रितपूर्वक भरी सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनमा वा सो दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ र रितपूर्वक दर्ता हुन आएका दरभाउपत्रहरु सोही दिनको दिउँसो ५ बजे यस कार्यालयमा खोलिने छ।

१२. दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्र दाताको आधिकारिक व्यक्तिको सही र छाप अनिवार्य रुपमा लागेको हुनु पर्नेछ।

१३. अन्य आवश्यक कुराहरु जानकारी लिनु परेमा कार्यालय समय भित्र कार्यालयको सम्पर्क नं. ९८५४०२८८० मा सम्पर्क राख सकिनेछ।

१४. सिलबन्दी दरभाउपत्र फारम खरिद, दर्ता गर्ने समय र अन्य विवरण तपसिल अनुसार रहेको छ।

| सिलबन्दी दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय | सिलबन्दी दरभाउपत्र फारम दर्ता गर्ने अन्तिम मिति र समय | सिलबन्दी दरभाउपत्र फारम खुल्ने मिति र समय |
|---|---|---|
| २०८१/०८/२५ गते कार्यालय समय भित्र। | २०८१/०८/२६ गते बिहनको १२ बजे भित्र। | २०८१/०८/२६ गते दिउँसोको ५ बजे पछि। |

| क्र.म. | ठेक्का नं. | खरिद गर्नु पर्ने कामको विवरण | लागत अनुमान रकम रु (कर सहित) | धरौटी वा जमानत वापतको रकम रु | सिलबन्दी दरभाउपत्र दस्तुर रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| ३ | ४/२०८१/८२ गेहुँ | ५०% अनुदानमा न पा बाट गेहूँको विउ खरिद | २०,००,०००।- | ४०,०००।- | १,०००।- | |

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner